धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
“हामी यता बाट कल गर्छौं”

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क २ ◆ २०८३ साउन २ गते शनिबार, Saturday, July 18, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/–

## अवैध लागुऔषधसहित विभिन्न स्थानबाट नौ जना पक्राउ

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । मुलुकको विभिन्न स्थानबाट लागुऔषधसहित नौ जनालाई पक्राउ गरिएको नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । कैलालीको टीकापुर नगरपालिका-९ खक्रौलाबाट नियन्त्रित लागुऔषध नाइट्राभेट-५ ट्याब्लेटसहित सोही ठाउँका ३१ वर्षीय दीपक धामीलाई शुक्रबार इलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । टीकापुर नगरपालिका-१ बाट खैरोहेरोइन जस्तो देखिने पदार्थ एक ग्राम ११० मिलीग्रामसहित २९ वर्षीय रविन चौधरी र जानकी गाउँपालिका-८ भोक्सीका १९ वर्षीय आयुष चौधरी पक्राउ परेका छन् ।

त्यसैगरी, रुपन्देहीको ओमसतिया गाउँपालिका-४ ठूलो बालापुरबाट अवैध लागूऔषध खैरो हेरोइनजस्तो देखिने पदार्थ एक ग्राम ९८० मिलीग्रामसहित भारत उत्तर प्रदेश माहाराजगन्ज थाना कुल्ही ग्रामका २६ वर्षीय रामवचन जैसवाललाई बिहीबार प्रहरीले पक्राउ गरेको हो ।

त्यस्तै धनुषा गणेशमान चारनाथ नगरपालिका-४ वीरेन्द्र बजारबाट अवैध लागुऔषध गाँजाजस्तो देखिने पदार्थ करिब १४८ ग्रामसहित सोही नगरपालिका-१ गोलघर बस्ने २४ वर्षीय मोहमद तमिम राइनलाई इलाका प्रहरी कार्यालय भरतपुरबाट खटिएको प्रहरीले लागुऔषधसहित शुक्रबार दिउँसो पक्राउ गरेको छ । त्यसैगरी, दार्चुलाको महाकाली नगरपालिका-४ पुलघाटबाट अवैध लागुऔषध चरेसजस्तो देखिने पदार्थ छ ग्रामसहित व्याँस गाउँपालिका-३ सिनाका २३ वर्षीय सुरेशसिंह कुवँरलाई प्रहरीले पक्राउ गरेको छ ।

सर्लाहीको लालबन्दी नगरपालिका-१ बागवानीबाट नियन्त्रित लागुऔषध नाइट्राजेपाम ५९० ट्याब्लेटसहित रामनगर गाउँपालिका-५ का १६ वर्षीय किशोर समेत दुई जनालाई आज दिउँसो इलाका प्रहरी कार्यालय लालबन्दी समेतबाट खटिएको प्रहरीले पक्राउ गरेको छ ।

त्यसैगरी, झापाको मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट अवैध लागुऔषध ब्राउनसुगरजस्तो देखिने पदार्थ तीन ग्राम ११० मिलीग्रामसहित सोही नगरपालिका-६ का ४५ वर्षीय अवित राईलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ सिटी सफारीमा आउँदै गरेका उनलाई उक्त पदार्थसहित फेला पारी पक्राउ गरेको हो । यी घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

## रोम विधान अनुमोदन गर्न सरकारसँग धादिङका अधिकारकर्मीको आग्रह

❑ *प्रत्यूष समाचारदाता*



धादिङबेशी । अन्तर्राष्ट्रिय न्याय दिवसको अवसरमा धादिङका मानवअधिकारकर्मी, सञ्चारकर्मी तथा नागरिक समाजका प्रतिनिधिले अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) को रोम विधान अनुमोदन गर्न नेपाल सरकारसँग माग गरेका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) धादिङको अगुवाइमा विभिन्न संस्था तथा सञ्चारकर्मीको संयुक्त टोलीले शुक्रबार धादिङका प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेय गौतममार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमा दण्डहीनताको अन्त्य, गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाका पीडितलाई न्याय सुनिश्चित गर्न तथा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न रोम विधान अनुमोदन आवश्यक रहेको उल्लेख छ । अन्तर्राष्ट्रिय फौजदारी अदालतले युद्ध अपराध, आमनरसंहार र मानवताविरुद्धका अपराधमा संलग्न व्यक्तिलाई जवाफदेही बनाउन भूमिका खेल्ने ज्ञापनपत्रमा जनाइएको छ । रोम विधानमा आबद्ध हुँदा नेपालको राष्ट्रिय अदालतको क्षेत्राधिकारमा कटौती वा हस्तक्षेप नहुने र दण्डहीनता अन्त्यका लागि सकारात्मक वातावरण निर्माण हुने अधिकारकर्मीको विश्वास छ ।

विश्वका १२३ राष्ट्रले रोम विधान अनुमोदन गरिसकेको तथा दक्षिण एसियाका बङ्गलादेश, अफगानिस्तान र माल्दिभ्स पक्ष राष्ट्र बनिसकेको अवस्थामा नेपाल अझै पक्ष राष्ट्र नबनेकोप्रति उनीहरूले ध्यानाकर्षण गराएका छन् । ज्ञापनपत्रमा पुनःस्थापित प्रतिनिधिसभाले २०६३ साउन ९ गते रोम विधान अनुमोदनका लागि निर्देशनात्मक संकल्प प्रस्ताव सर्वसम्मत पारित गरेको स्मरण गराइएको छ ।

संयुक्त राष्ट्रसंघको विश्वव्यापी आवधिक समीक्षा प्रक्रियामा नेपाललाई प्राप्त सुझाव कार्यान्वयन गर्न पनि आग्रह गरिएको छ ।

ज्ञापनपत्रमा इन्सेक धादिङका सीताराम अधिकारीसहित मानवअधिकार, सञ्चार, दलित तथा आदिवासी जनजातिसम्बन्धी विभिन्न संस्थाका प्रतिनिधिले हस्ताक्षर गरेका छन् ।

## नेपाल टेलिकमको हराएको सिम अनलाइनबाटै पुनःप्राप्त गर्न सकिने

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । सूचना तथा सञ्चार मन्त्रालयले नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणालीअन्तर्गत अघि सारेको १० बुँदे सुधारात्मक कार्ययोजनाअनुसार नेपाल टेलिकमको हराएको वा बिग्रेको सिमकार्डको सट्टामा नयाँ सिम अनलाइनमार्फत प्राप्त गर्न सकिने सेवा बिहीबारदेखि सञ्चालनमा आएको छ ।

डिजिटल सेवा विस्तार, सेवा प्रवाहलाई सहज बनाउने र ग्राहकमैत्री प्रणाली विकास गर्ने उद्देश्यअनुसार टेलिकमले उक्त सेवा सञ्चालनमा ल्याएको नेपाल टेलिकमका प्रवक्ता कमल लामिछानेले जानकारी दिनुभयो । अब सेवाग्राहीले टेलिकमको विद्युतीय सेवा पोर्टलमार्फत आवश्यक विवरण भरेर हराएको वा बिग्रेको सिमको सट्टा नयाँ भौतिक वा विद्युतीय सिमका लागि आवेदन दिन सक्नेछन् । आवेदन प्रक्रिया पूरा भएपछि ग्राहक स्वयं वा आफ्नो प्रतिनिधिमार्फत सम्बन्धित सेवा केन्द्रबाट नयाँ सिम प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ । ग्राहकको गोपनीयता र सुरक्षालाई ध्यानमा राखी प्रतिनिधिमार्फत सिम बुझ्ने व्यवस्था मिलाइएको टेलिकमले जनाएको छ ।

सञ्चार मन्त्रालयले अघि सारेको सुधारात्मक कार्ययोजनामा नेपाल टेलिकमको सेवा गुणस्तर सुधार, ग्राहक सेवा सुदृढीकरण तथा डिजिटल सेवा विस्तारलाई उच्च प्राथमिकतामा राखिएको छ । सोहीअनुसार कम्पनीले मोबाइल सेवा व्यवस्थापन, प्रशासनिक प्रक्रिया सरलीकरण र सेवाग्राही केन्द्रित सेवा विस्तारका कार्यक्रम अघि बढाएको जनाएको छ । कार्ययोजनाअन्तर्गत एकपटक मात्रै ग्राहक विवरण दर्ता गर्ने व्यवस्था लागू गर्ने, विद्युतीय सिम वितरण, हराएको सिम पुनःप्राप्ति, गुनासो व्यवस्थापन तथा स्वामित्व हस्तान्तरणलगायत सेवालाई क्रमशः पूर्णरूपमा अनलाइन माध्यमबाट उपलब्ध गराउने तयारी गरिएको छ ।

नेपाल टेलिकमका सबै कार्यालयमा एकल सेवा सहायता कक्ष स्थापना गर्ने, चौथो पुस्ताको मोबाइल सेवाको गुणस्तर सुधार गर्ने तथा डाटा सकिएपछि स्वतः मौज्दात रकम कट्ने व्यवस्था हटाउनेलगायतका सुधारका कार्यक्रम कार्ययोजनामा समावेश छन् ।

## गुरुहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु–शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं ।

नेपाल सरकार,
विज्ञापन वोर्ड

## रासायनिक मलको आपूर्ति पाँच लाख ६१ हजार मेट्रिकटन नाघ्यो

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । सरकारले आर्थिक वर्ष २०८२/८३ को असार २४ गतेसम्म पाँच लाख ६१ हजार ४९३ दशमलव ८५ मेट्रिकटन रासायनिक मल आपूर्ति गरेको जनाएको छ ।

यो परिमाण वार्षिक छ लाख मेट्रिकटन आपूर्तिको लक्ष्यको करिब ९४ प्रतिशत हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार गत आर्थिक वर्षका लागि रु २८ अर्ब ८२ करोड १४ लाख बजेट विनियोजन गरिएको थियो । गत असार २४ गतेसम्म चार लाख ९१ हजार ३०० मेट्रिकटन रासायनिक मल खरिदका लागि टेण्डर प्रक्रिया सम्पन्न भएको छ । उक्त मन्त्रालयकाअनुसार हालसम्म दुई कम्पनीमार्फत तीन लाख २७ हजार ५७९ दशमलव ८० मेट्रिकटन युरिया, दुई लाख तीन हजार ४२६ दशमलव ३० मेट्रिकटन डीएपी तथा ३० हजार ४८७ दशमलव ७५ मेट्रिकटन पोटास गरी कुल पाँच लाख ६१ हजार ४९३ दशमलव ८५ मेट्रिकटन रासायनिक मल आपूर्ति गरिएको छ । उक्त अवधिसम्म देशभरका गोदाममा ९२ हजार ५९२ दशमलव ३५ मेट्रिकटन रासायनिक मल मौज्दात थियो । त्यसमध्ये ४९ हजार १०४ दशमलव ३० मेट्रिकटन युरिया, २४ हजार १२ दशमलव ८५ मेट्रिकटन डिएपी र १९ हजार ४७५ दशमलव २० मेट्रिकटन पोटास मौज्दात थियो ।

बाह्य मार्गमा २८८ दशमलव ७५ मेट्रिकटन रासायनिक मल ढुवानीको क्रममा छ, जसमा ८६ दशमलव ०५ मेट्रिकटन युरिया र २०२ दशमलव ७० मेट्रिकटन डिएपी छ ।

सम्पादकीय ....

## नारामा होइन, व्यवहारमा डेङ्गु नियन्त्रण

वर्षायामसँगै डेङ्गु सङ्क्रमणको जोखिम बढ्ने सन्दर्भमा सरकारले तीनमहिने डेङ्गु सचेतना अभियान सुरु गरेको छ। साउन, भदौ र असोजलाई लक्षित गर्दै सार्वजनिक निकाय, कार्यालय, विद्यालय, सामुदायिक संस्था र स्थानीय समुदायलाई लामखुट्टेको प्रजननस्थल खोजी तथा नष्ट गर्न परिचालन गर्ने योजना सकारात्मक छ। 'हरेक शुक्रबार, सफा शुक्रबार' कार्यक्रम प्रभावकारी बन्न यसको सफलता प्रचारमा होइन, नियमित कार्यान्वयन, अनुगमन र नागरिकको व्यवहार परिवर्तनमा निर्भर रहनेछ ।

वर्षाको समयमा घर, विद्यालय, ग्यारेज, कबाडी सङ्कलन केन्द्र, निर्माणस्थल, पुराना टायर, खुला भाँडा, छत र आँगनमा पानी जम्दा डेङ्गु सार्ने लामखुट्टे फैलिने जोखिम बढ्छ । साउनदेखि सङ्क्रमण विस्तारै बढ्दै भदौमा उच्च हुने र असोज-कात्तिकसम्म जोखिम रहने भएकाले अभियानलाई मौसमी औपचारिकता नभई जनस्वास्थ्य संकट रोक्ने पूर्वतयारीका रूपमा लिनुपर्छ। सङ्क्रमण फैलिएपछि उपचारमा खर्च बढ्ने, स्वास्थ्य संस्थामा चाप पर्ने र नागरिकको दैनिकी प्रभावित हुने भएकाले रोकथाममै जोड दिनु बुद्धिमानी हुन्छ ।

वडा कार्यालय, टोल विकास संस्था, नागरिक समाज र अन्य सरोकारवाला निकायसँग समन्वय गरी हरेक हप्ता प्रजननस्थल नष्ट गर्ने योजना कागजमा पर्याप्त देखिन्छ। तर यस्ता अभियान उद्घाटन, भाषण, फोटो र सामाजिक सञ्जालमा सीमित हुने प्रवृत्ति दोहोरिनु हुँदैन । स्थानीय तहले अटो वर्कशप, ग्यारेज, कबाडी स्थल, निर्माणाधीन भवन र पानी जम्ने सम्भावित स्थानको नियमित अनुगमन गरी तत्काल व्यवस्थापन गर्नुपर्छ ।

डेङ्गु नियन्त्रण स्वास्थ्य संस्थाको मात्र जिम्मेवारी होइन । स्वास्थ्य संस्थाले परीक्षण, उपचार, तथ्याङ्क व्यवस्थापन र जोखिम सूचना प्रवाह गर्नुपर्छ भने स्थानीय तहले सरसफाइ, फोहोर व्यवस्थापन, ढल निकास र समुदाय परिचालनलाई प्राथमिकता दिनुपर्छ। विद्यालयमा साथी शिक्षा, सरसफाइ अभियान र स्वास्थ्य निरीक्षण टोलीलाई नियमित बनाउँदै विद्यार्थीलाई परिवार तथा समुदायसम्म सचेतना फैलाउने माध्यम बनाउनुपर्छ।

स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइन र सामाजिक सञ्जालमार्फत डेङ्गुका लक्षण, रोकथाम, उपचार तथा स्वास्थ्य संस्था जाने अवस्थाबारे सरल र निरन्तर सूचना प्रसारण आवश्यक छ। स्थानीय भाषा, उदाहरण र समुदायको अवस्थाअनुसार सन्देश तयार गरिए सचेतना प्रभावकारी हुन्छ। स्थानीय तहले सञ्चारमाध्यमलाई केवल समाचार प्रकाशन गर्ने माध्यम नभई जनस्वास्थ्य अभियानका साझेदारका रूपमा लिनुपर्छ। अभियानको नतिजा स्पष्ट कार्ययोजना, पर्याप्त बजेट, आवश्यक जनशक्ति, परीक्षण सुविधा, नियमित अनुगमन र सार्वजनिक जवाफदेहिताबाट मात्र सुनिश्चित हुन्छ । प्रत्येक स्थानीय तहले निरीक्षण गरिएका स्थान, नष्ट गरिएका प्रजननस्थल, जोखिम क्षेत्र र नागरिक सहभागिताको विवरण सार्वजनिक गर्नुपर्छ । तीन महिनासम्म नारामात्र दोहोऱ्याएर डेङ्गु नियन्त्रण हुँदैन । सरकार, समुदाय, विद्यालय, सञ्चारमाध्यम, निजी क्षेत्र र प्रत्येक नागरिकले साझा जिम्मेवारीका साथ काम गरे मात्रै अभियान प्रभावकारी हुनेछ ।

# महिलाको संवैधानिक अधिकार र कार्यान्वयनको प्रश्न

उर्मिला माझी

नेपालको संविधान हजारौँको बलिदानको जगमा निर्माण भएको संविधानसभाबाट बनेको ऐतिहासिक र मौलिक संविधान हो । नेपालको संविधान २०७२ ले समानता, समावेशिता, सामाजिक न्याय र लैङ्गिक समानतामा आधारित समाज निर्माणको परिकल्पना गरेको छ । संविधानको प्रस्तावनामै सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामूलक शासन प्रणालीमार्फत समतामूलक समाज निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । विशेषगरी महिलाविरुद्धका ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक विभेदको अन्त्य गरी महिलाको सम्मान, अधिकार र अवसर सुनिश्चित गर्ने संवैधानिक आधार संविधानले प्रदान गरेको छ ।

महिलाको अधिकारलाई संविधानले विशेष महत्व दिएको छ। संविधानको धारा १८ (समानताको अधिकार)ले सबै नागरिकलाई कानुनको दृष्टिमा समान हुने व्यवस्था गरेको छ । यस धाराले लिङ्गका आधारमा कुनै पनि प्रकारको विभेद गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ । साथै, महिलासहित सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका समुदायको संरक्षण, सशक्तीकरण र विकासका लागि विशेष कानुनी व्यवस्था गर्न सकिने प्रावधान पनि राखेको छ । यसले महिलाको समान अवसर र न्यायपूर्ण सहभागिताको संवैधानिक आधार निर्माण गरेको छ ।

धारा ३८ (महिलाको हक)अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक प्राप्त हुने व्यवस्था गरिएको छ । यस धाराले सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। साथै, महिलाविरुद्ध हुने शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै प्रकारका हिंसाजन्य कार्यलाई कानुनद्वारा दण्डनीय बनाइएको छ । राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सहभागिताको अधिकार प्रदान गरिएको छ। यसैगरी सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान अधिकारको व्यवस्था गरी महिलाको आर्थिक तथा सामाजिक हैसियत सुदृढ गर्ने प्रयास गरिएको छ ।

संविधानको धारा ३३ (रोजगारीको हक)ले प्रत्येक नागरिकलाई रोजगारीको अधिकार सुनिश्चित गरेको छ। महिलाहरूलाई रोजगारीका अवसरमा समान पहुँच र विभेद्रहित वातावरण प्रदान गर्नु राज्यको दायित्व हो । त्यस्तै धारा ३४ (श्रमको हक)ले प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा सामाजिक सुरक्षाको अधिकार प्रदान गरेको छ । महिलाले समान कामका लागि समान ज्याला पाउनुपर्ने सिद्धान्त पनि यसै अधिकारको मर्मसँग सम्बन्धित छ । शिक्षा महिला सशक्तीकरणको महत्वपूर्ण आधार हो । धारा ३१ (शिक्षाको हक) ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको अधिकार सुनिश्चित गरेको छ। महिलाहरूको शिक्षा स्तर वृद्धि भएमा उनीहरूको आत्मविश्वास, निर्णय क्षमता र आर्थिक अवसरमा पहुँच बढ्छ। शिक्षित महिला परिवार, समाज र राष्ट्रको विकासमा अझ प्रभावकारी रूपमा योगदान दिन सक्षम हुन्छिन् ।

स्वास्थ्यको अधिकार पनि महिलाको जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो । धारा ३५ (स्वास्थ्यसम्बन्धी हक)ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको अधिकार प्रदान गरेको छ। महिलाको स्वास्थ्य, विशेषगरी मातृ स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा पोषणको अवस्था सुधार गर्न संविधानले विशेष संवेदनशीलता देखाएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारलाई धारा ३८ अन्तर्गत मौलिक अधिकारका रूपमा व्यवस्था गरिनु यसको महत्त्वपूर्ण उदाहरण हो । महिलाको आर्थिक सशक्तीकरण संवैधानिक अधिकारको वास्तविक कार्यान्वयनसँग प्रत्यक्ष रूपमा जोडिएको छ। केवल कानुनी अधिकार प्राप्त हुनु पर्याप्त हुँदैन, ती अधिकारको व्यावहारिक उपयोग गर्न आर्थिक क्षमता पनि आवश्यक हुन्छ । आर्थिक रूपमा आत्मनिर्भर महिला आफ्नो जीवनका निर्णय आफैँ गर्न सक्षम हुन्छिन् । उनी परिवारको आर्थिक व्यवस्थापन, सन्तानको शिक्षा, स्वास्थ्य तथा सामाजिक गतिविधिमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्छिन् ।

नेपालमा महिलाहरू कृषि, पशुपालन, घरेलु उद्योग तथा अनौपचारिक क्षेत्रमा ठूलो सङ्ख्यामा संलग्न छन्। तर उनीहरूको श्रमको उचित मूल्याङ्कन तथा प्रतिफल अझै पनि पर्याप्त रूपमा सुनिश्चित हुनसकेको छैन । ग्रामीण क्षेत्रका महिलाहरू, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएका वर्ग तथा अपाङ्गता भएका महिलाहरूले आर्थिक अवसर प्राप्त गर्न थप कठिनाइ भोगिरहेका छन्। यस अवस्थामा संविधानको धारा ४२ (सामाजिक न्यायको हक) अत्यन्त महत्त्वपूर्ण छ । यस धाराले महिलासहित विभिन्न सीमान्तकृत समुदायलाई राज्यका निकाय तथा अवसरहरूमा समावेशी सहभागिताको अधिकार सुनिश्चित गरेको छ ।

राजनीतिक सहभागिताको क्षेत्रमा नेपालको संविधानले महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । संविधानको धारा ८४ ले संघीय संसदमा महिलाको प्रतिनिधित्व कम्तीमा एकतिहाई हुनुपर्ने व्यवस्था गरेको छ । स्थानीय तहमा प्रमुख र उपप्रमुखमध्ये कम्तीमा एक पदमा महिला हुनुपर्ने कानुनी व्यवस्थाले महिलाको नेतृत्व विकासमा उल्लेखनीय योगदान पुर्‍याएको छ। आज हजारौं महिला जनप्रतिनिधि स्थानीय शासन, नीति निर्माण र विकास प्रक्रियामा सक्रिय छन् । डिजिटल युगमा महिलाको आर्थिक सशक्तीकरणका नयाँ आयामहरू खुल्दै गएका छन् । सूचना प्रविधि, डिजिटल बैंकिङ, अनलाइन व्यवसाय, ई-कमर्स तथा उद्यमशीलताका विभिन्न अवसरले महिलाहरूलाई स्वरोजगार र आयआर्जनका नयाँ बाटाहरू प्रदान गरेका छन् तर डिजिटल साक्षरता, इन्टरनेट पहुँच तथा प्रविधि प्रयोगसम्बन्धी सीपमा अझै लैङ्गिक अन्तर रहेको देखिन्छ । त्यसैले राज्यले महिलाको डिजिटल पहुँच विस्तार गर्ने नीति अवलम्बन गर्न आवश्यक छ ।

महिलाको आर्थिक सशक्तीकरणका लागि सहुलियतपूर्ण ऋण, उद्यमशीलता विकास कार्यक्रम, सीपमूलक तालिम, उत्पादन तथा बजारीकरणमा सहयोग, महिलामैत्री बजेट र सुरक्षित कार्यस्थलको सुनिश्चित गर्न आवश्यक छ। सहकारी संस्था, निजी क्षेत्र, नागरिक समाज र सरकारी निकायबीचको सहकार्यले महिलाको आर्थिक सहभागिता वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । यद्यपि, संवैधानिक अधिकारको पूर्ण कार्यान्वयनमा अझै चुनौतीहरू विद्यमान छन्। बालविवाह, दाइजो प्रथा, छाउपडी, घरेलु हिंसा, लैङ्गिक विभेद् तथा महिलाविरुद्धका अन्य सामाजिक कुरीतिहरूले महिलाको प्रगति र सशक्तीकरणमा अवरोध सृजना गरिरहेका छन् ।

संविधानको धारा २४ (छुवाछूत तथा भेदभावविरुद्धको हक) र धारा ३८ (महिलाको हक)ले यस्ता विभेदकारी अभ्यासको अन्त्यका लागि स्पष्ट संवैधानिक आधार प्रदान गरेका छन्। तर कानुनी व्यवस्थासँगै सामाजिक चेतना, शिक्षा र व्यवहारगत परिवर्तन पनि उत्तिकै आवश्यक छ । समग्रमा यो संविधानले महिलाको सम्मान, समानता, सुरक्षा, सहभागिता र आर्थिक उन्नतिको बलियो आधार तयार गरेको छ । प्रस्तावनादेखि मौलिक अधिकारसम्मका विभिन्न धाराहरूले महिलालाई राज्यका सबै क्षेत्रमा समान अवसर र अधिकार प्रदान गरेका छन् । अब आवश्यक कुरा ती अधिकारहरूको प्रभावकारी कार्यान्वयन हो। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सम्पत्तिमाथिको अधिकार तथा निर्णय प्रक्रियामा समान सहभागिता सुनिश्चित गर्न सकिएमा मात्र महिलाको वास्तविक सशक्तीकरण सम्भव हुनेछ । महिला सशक्त भए परिवार सशक्त हुन्छ, परिवार सशक्त भए समाज सशक्त हुन्छ र समाज सशक्त भए समृद्ध, समावेशी तथा न्यायपूर्ण नेपालको सपना साकार हुन्छ ।

संविधानमा उल्लेख भएका समानताको अधिकार, महिलाको हक, सामाजिक न्याय, शिक्षा, स्वास्थ्य तथा सहभागितासम्बन्धी संवैधानिक प्रावधानहरूले महिलालाई सम्मानपूर्ण जीवन जिउने आधार प्रदान गरेका छन् तर संविधानमा अधिकार लेखिनुमात्र पर्याप्त हुँदैन; ती अधिकार व्यवहारमा कार्यान्वयन हुनु आवश्यक हुन्छ । जबसम्म राज्य, समाज, राजनीतिक दल, नागरिक समाज र परिवार सबैले लैङ्गिक समानतालाई व्यवहारमा लागू गर्दैनन्, तबसम्म संवैधानिक अधिकारको वास्तविक उपलब्धि प्राप्त हुन सक्दैन । त्यसैले संविधानले सुनिश्चित गरेका महिला अधिकारहरूलाई व्यवहारमा रूपान्तरण गर्दै समान, न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्नु आजको प्रमुख आवश्यकता हो । यसका लागि स्वयं महिलाको पहलकदमी महत्त्वपूर्ण रहन्छ, त्यसका अलावा घर, परिवार, समाजको सकारात्मक भूमिका अपरिहार्य हुन्छ । त्यसैगरी राज्यका नियमनकारी निकाय र सञ्चारमाध्यमको हस्तक्षेप पनि यसको लागि अनिवार्य शर्त हो । साथै, कानुन निर्माणको मुख्य थलो संसद्मा सहभागी सांसदहरूको महिलामैत्री कानुन बनाउन परिपक्व र जिम्मेवारपूर्ण भूमिका हुनु आवश्यक छ ।

# बागमतीमा मन्त्रीहरूको कार्य विभाजन

प्रत्यूष समाचारदाता

काठमाडौँ । बागमती प्रदेश सरकारका मन्त्रीहरूको कार्यविभाजन गरिएको छ । बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले नेपालको संविधानको धारा १६८ को उपधारा ९ बमोजिम मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको सिफरिसमा कार्यविभाजन गर्नुभएको प्रदेश प्रमुखको कार्यालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

कार्य विधानअनुसार मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधुधन पौडेललाई कृषि, पशुपंछी तथा वातावरण मन्त्रालय, शिवराज अधिकारीलाई आन्तरिक मामिला, कानुन तथा सहकारी, कञ्चनचन्द्र बादेलाई स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, दिनेशचन्द्र देवकोटालाई भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रभात तामाङलाई आर्थिक मामिला तथा योजना मन्त्रालय, कृष्णकुमार तामाङलाई खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, विन्दु श्रेष्ठलाई उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयको मन्त्रीको जिम्मेवारी तोकिएको छ ।

किरण थापामगर, उर्मिला नेपाल, भरतबहादुर केसी, सुरेश श्रेष्ठ, जयराम थापा र विष्णु रायमाझी पौडेललाई विना विभागीय मन्त्रीको जिम्मेवारी तोकिएको प्रदेश प्रमुखको कार्यालयको विज्ञप्तिमा जनाइएको छ ।

यस अघि गत वैशाखमा बागमती प्रदेश सरकारले प्रशासनिक खर्च घटाउन मन्त्रालयको सङ्ख्या कटौती गर्ने निर्णय गरेको थियो । उक्त निर्णयको कार्यान्वयनसँगै अब बागमतीका यसअघि रहेका १४ मन्त्रालय घटेर आठ वटा कायम भएका छन् ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# प्रदेश अस्पतालमा विशेषज्ञ सेवा विस्तार

मकवानपुर । बागमती प्रदेश सरकारले स्वास्थ्य सेवालाई उच्च प्राथमिकतामा राखेर विशिष्टीकृत सेवा विस्तार गरेसँगै प्रदेशमा स्वास्थ्य उपचार सेवा प्रभावकारी बन्दै गएको पाइएको छ ।

प्रदेश मातहतका अस्पतालहरूमा विभिन्न विशिष्टीकृत स्वास्थ्य सेवा थप गरिनुका साथै उपचार सुविधाको विस्तार गरिएको छ ।

प्रदेश सरकारले भक्तपुर अस्पताल, धादिङ अस्पताल, त्रिशूली अस्पताल, बकुलहर रत्ननगर अस्पताल तथा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत हेटौँडा अस्पतालमा २२ वटा डायलासिस मेसिन थप गरी सेवा विस्तार गरेको छ । प्रदेश सरकारले क्यान्सर रोगको उपचारमा थप रु ५० हजारसम्म सहुलियत उपलब्ध गराउने प्रतिबद्धताअनुसार प्रदेशभित्रका १८ अस्पतालसँग सम्झौता गरी उपचार सहुलियत प्रदान गरिरहेको उहाँले बताउनुभयो । साथै, हृदयाघातका बिरामीलाई उपचार सहुलियत प्रदान गर्ने कार्यक्रम पनि निरन्तर सञ्चालनमा रहेको छ ।

भक्तपुर अस्पतालमा 'स्ट्रोक स्यानेजमेन्ट'सहित स्नायुरोगसम्बन्धी विशेषज्ञ सेवा सुरु गरिएको छ भने मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत हेटौँडा अस्पतालमा मुटुरोगसम्बन्धी विशेषज्ञ सेवा सञ्चालनमा ल्याइएको छ ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसँगको सहकार्यमा विशेषज्ञ आवासीय चिकित्सक परिचालन गरी धादिङ र सिन्धुली अस्पतालमा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गरिएको छ । यसैबीच, सिन्धुपाल्चोकको चौतारा अस्पताल र मकवानपुरको हेटौँडा अस्पतालमा मानसिक स्वास्थ्य वार्ड स्थापना गरी अन्तरङ्ग सेवा सञ्चालनमा ल्याइएको छ भने भक्तपुर अस्पतालबाट 'अल्जाइमर'सम्बन्धी सेवा पनि प्रदान गर्न थालिएको छ ।

प्रदेशका १३ वटै जिल्लाका दुर्गम क्षेत्रमा एकीकृत जनस्वास्थ्य तथा पोषण प्रवर्द्धन अभियान सञ्चालन गर्नुका साथै विशेषज्ञ स्वास्थ्य शिविरमार्फत विभिन्न स्वास्थ्य सेवा प्रदान गरिएको छ । आयुर्वेद तथा वैकल्पिक चिकित्सालयमार्फत विशेषज्ञ आयुर्वेद सेवा पनि उपलब्ध गराइएको छ ।

# चितवनमा एक वर्षमा ८९३ जनामा स्क्रब टाइफस

चितवन । जिल्लाका विभिन्न अस्पतालमा आएका बिरामीमध्ये ८९३ जनामा स्क्रब टाइफस सङ्क्रमण देखिएको छ । गत आर्थिक वर्षमा जिल्लाका अस्पतालमा आएका बिरामीमध्ये ११ हजार ४१९ जनाको परीक्षणका क्रममा उनीहरुमा स्क्रब टाइफसको सङ्क्रमण देखिएको हो ।

जनस्वास्थ्य कार्यालय चितवनका किट नियन्त्रक राम केसीका अनुसार सङ्क्रमितमध्ये ६२१ जना चितवनका रहेका छन् । जिल्लामा भेटिएका सङ्क्रमितमध्ये रत्ननगर नगरपालिकाका २४६ जना, खैरहनी नगरपालिका ११७ जना, भरतपुर महानगरपालिकाका ९० जनामा यो रोगको सङ्क्रमण देखिएको हो ।

यस्तै, राप्ती नगरपालिकाका ८२ जना, कालिका नगरपालिकाका ६९ जना, माडी नगरपालिकाका सात जना र इच्छाकामना गाउँपालिकाका १० जनामा यो रोगको सङ्क्रमण देखिएको केसीले बताउनुभयो । आव २०८१/८२ मा सात हजार ९५ जनाको परीक्षण गर्दा एक हजार ५५ जनामा यो रोगको सङ्क्रमण देखिएको थियो । चालु आवमा उक्त रोगको सङ्क्रमणबाट एक जनाको मृत्यु भएको थियो ।

स्क्रब टाइफस रोग मुसाको कानमा वा अन्य जीवजन्तुमा हुने सङ्क्रमित किर्नाले मानिसलाई टोकेपछि सर्ने गर्दछ । स्क्रब टाइफसमा मानिसलाई उच्च ज्वरो आउने, आँखा रातो हुनु, खोकी, वान्ता, पेट दुखाइ र पखालाले सताउनु, श्वास फेर्न समस्या हुनु धेरै टाउको दुख्नु जोर्नी र मांसपेशी दुख्नु, बिमिरा देखिनु, टोकेको ठाउँमा कहिलेकाहीँ कालो दागजस्ता लक्षण देखिने गर्दछ ।

यस रोगबाट बच्न खेत, झाडी वा वनजङ्गलमा जाँदा लामो बाहुला भएको कपडा र उपयुक्त जुत्ता लगाउने र शरीरको खुला भागमा कीटनाशक मलमको प्रयोग गर्ने, घर वरिपरिका खेताबारीमा घाँस धेरै बढ्न नदिने र वातावरण सफा राख्ने, मुसा नियन्त्रणका लागि उपयुक्त किसिमको अन्न भण्डारण गर्नुपर्ने केसीले बताउनुभयो ।

# सार्वजनिक ऋण व्यवस्थापन ऐन संशोधन मस्यौदामा सुझाव माग

काठमाडौँ । अर्थ मन्त्रालयले सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ लाई संशोधन गर्न तयार गरिएको विधेयकको मस्यौदामा सरोकार भएका तथा सर्वसाधारणबाट सुझाव माग गरेको छ ।

उक्त मन्त्रालयले सार्वजनिक सूचनामार्फत मस्यौदा सार्वजनिक गर्दै तोकिएको समयभित्र सुझाव उपलब्ध गराउन आग्रह गरेको हो । प्राप्त सुझावलाई आवश्यकतानुसार समावेश गरी विधेयकलाई अन्तिम रूप दिइने मन्त्रालयले जनाएको छ ।

मस्यौदामा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको भूमिका स्पष्ट बनाउने, सरकारले गर्ने सेयर तथा ऋण लगानीलाई कानुनी आधार दिने, सरकारी ऋणपत्र स्वदेशी तथा विदेशी बजारमा निष्कासन गर्न सक्ने व्यवस्था गर्ने तथा विदेशी मुद्रामा ऋणपत्र जारी गर्न सक्ने प्रावधान प्रस्ताव गरिएको छ । साथै, सरकारी ऋणपत्रको डिजिटल अभिलेख राख्ने, 'थिमेटिक बन्ड' जारी गर्ने र विनिमय दर तथा ब्याजदरको जोखिम न्यूनीकरणका लागि 'हेजिङ'को व्यवस्था गर्ने प्रस्ताव गरिएको छ ।

विधेयकमा नेपाल सरकारले कुन क्षेत्र र निकायमा सेयर तथा ऋण लगानी गर्न सक्ने र कुन क्षेत्रमा लगानी गर्न नपाइने भन्ने विषय पनि स्पष्ट पारिएको छ । यसअनुसार पूर्ण वा नियन्त्रणात्मक स्वामित्व भएका सार्वजनिक संस्था, सार्वजनिक-निजी साझेदारीअन्तर्गतका राष्ट्रिय प्राथमिकताका आयोजना तथा नेपाल सदस्य रहेको अन्तरसरकारी अन्तरराष्ट्रिय निकायमा लगानी गर्न सकिने प्रस्ताव गरिएको छ ।

यसैगरी, व्यक्तिलाई प्रत्यक्ष ऋण लगानी, मदिरा तथा सुर्तीजन्य वस्तुको उत्पादन तथा बिक्री, क्यासिनो तथा जुवाघर र वैदेशिक रोजगार व्यवसायमा भने सरकारी लगानी गर्न नपाइने व्यवस्था प्रस्ताव गरिएको छ ।

मस्यौदामा सरकारी ऋण असुली प्रक्रियालाई व्यवस्थित बनाउने, ऋणपत्रको बोलकबोल प्रक्रियामा मिलेमतो वा त्रुटिपूर्ण विवरण पेश गर्ने व्यक्ति वा संस्थामाथि कारबाही तथा जरिवानाको व्यवस्था गर्ने र ऋणपत्रसम्बन्धी केही व्यवस्थालाई विद्युतीय प्रणालीमा आधारित बनाउने प्रस्ताव पनि समेटिएको छ ।

# दाङमा ७७ प्रतिशत रोपाइँ

दाङ । दाङमा साउनको पहिलो दिनसम्म ७७ प्रतिशत रोपाइँ भएको छ । जिल्लास्थित कृषि ज्ञान केन्द्रका वरिष्ठ कृषि प्रसार अधिकृत आशा भण्डारीका अनुसार देउखुरी क्षेत्रमा अधिकांश खेतमा रोपाइँ भइसकेको छ ।

तुलसीपुर उपमहानगरपालिका, घोराही उपमहानगरपालिका, दङ्गीशरण, शान्तिनगर र बबईलगायत पालिकामा रोपाइँ जारी रहेको उहाँले जानकारी दिनुभयो । देउखुरी उपत्यकामा पर्ने लमही नगरपालिका, राप्ती, गढवा र राजपुर गाउँपालिकामा सिँचाइ सुविधा पुगेकाले ९८ प्रतिशत धान रोपाइँ भइसकेको कार्यालयले जनाएको छ ।

दाङ उपत्यकामा भने हालसम्म ६० प्रतिशत मात्र रोपाइँ सम्पन्न भएको कृषि प्रसार अधिकृत भण्डारीले बताउनुभयो । उहाँका अनुसार सिँचाइ सुविधा पुगेको देउखुरीका अधिकांश क्षेत्रमा रोपाइँ सम्पन्न भए पनि आकाशे पानीको भरमा खेती हुने स्थानमा अझै रोपाइँ हुन बाँकी छ ।

लामो समय पानी नपरेर सुख्खा भएकाले जिल्लामा सञ्चालनमा आएका जलाशयबाट लिफ्टिङमार्फत पानी प्रयोग गरी समयमा ब्याड राखे पनि रोपाइँ गर्ने प्रयाप्त पानी नपुगेपछि ढिला भएको उहाँको भनाइ छ । केही दिनयतादेखि जिल्लामा लगातार भइरहेको वर्षाका कारण अहिले धमाधम रोपाइँ भइरहेको छ । वरिष्ठ कृषि प्रसार अधिकृत भण्डारीका अनुसार जिल्लामा कूल ७४ हजार ३३६ हेक्टर खेतीयोग्य जमिन रहेकामा ३७ हजार २२५ हेक्टर क्षेत्रमा धानखेती हुने गरेको छ । जसमा सबैभन्दा बढी घोराही उपमहानगरपालिकामा आठ हजार ९७ हेक्टरमा धानखेती हुने गरेको जनाउँदै सबैभन्दा कम बङ्गलाचुली गाउँपालिकामा एक हजार १४३ हेक्टर क्षेत्रमा धानखेती हुने गरेको उल्लेख गर्नुभयो ।

यसवर्ष धानखेतीमा आयातित हाइब्रिड बीउको प्रयोग बढी देखिएको छ । पछिल्ला केही वर्षयता किसानले उन्नत तथा स्थानीय जातका धानखेती गर्नसमेत थालेका छन् । केन्द्रका अनुसार यहाँका किसानले सावित्री, मनसुली, राधा ४, सुनौलो सुगन्ध, लोकतन्त्र, गोरखनाथ, लोकनाथ, युएस ३१२, लगायत वर्णशङ्कर जातका धान लगाएका छन् ।

कम पानी हुने ठाउँमा सुख्खा-१, सुख्खा-२, सुख्खा-३ जातका धानखेती गरेका छन् । स्थानीय जातमध्ये तिल्की र सिम्ठारो धान केही किसानले खेती गरिरहेका छन् । गतवर्ष दाङमा ३५ हजार ३२८ हेक्टर जमिनमा एक लाख ४४ हजार २६४ मेट्रिकटन धान उत्पादन भएको कार्यालयले जनाएको छ ।

# रासायनिक मल वितरणको अनुगमन स्थानीय तहले गर्नेछः कृषिमन्त्री

काठमाडौँ । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले अनुदानको रासायनिक मल वितरण प्रक्रियाको अनुगमन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिइएको बताउनुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गत कृषि तथा प्राकृतिक स्रोत समितिको बैठकमा रासायनिक मलसँग सम्बन्धित विषयमा भएको छलफलका क्रममा उहाँले रासायनिक मल वितरण प्रक्रियाको प्रभावकारी अनुगमन स्थानीय तहसँगै सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिइएको जानकारी गराउनुभयो ।

समितिका सांसदहरूलाई जिल्ला जाँदा अनुदानको रासायनिक मल वितरण प्रक्रिया केकसरी भइरहेको छ अनुगमन गर्न पनि मन्त्री चौधरीले अनुरोध गर्नुभयो । अनुगमनका क्रममा देखिएका समस्या र गुनासो मन्त्रालयमा जानकारी गराएमा त्यसलाई सहजीकरण गरिने उहाँले प्रतिबद्धता जनाउनुभयो । अनुदानको मलको निश्चित मूल्य तोकिने गरेकाले बढी मूल्यमा बिक्री भइरहेको भेटिए कानुनी कारवाहीको प्रक्रिया अघि बढाउने पनि मन्त्री चौधरीले उल्लेख गर्नुभयो ।

समितिका सभापति अशोककुमार चौधरीले रासायनिक मल वितरण प्रक्रियाका बारेमा नीतिगत सुधार गर्नुपर्ने आवश्यकता देखिएको बताउनुभयो । यस विषयमा संसदीय अनुगमन पनि गरिने उहाँले बताउनुभयो । आजको बैठकमा सांसदहरूले असार सकिसक्दा पनि किसानले पर्याप्त मात्रामा रासायनिक मल नपाएका, कृषि क्षेत्रमा वन्यजन्तुले दुःख दिँदा किसान बसाइँसराइ गर्ने अवस्थामा पुगेकालगायत समस्याका बारेमा सरकारको ध्यानाकर्षण गराएका छन् । नेपालमा ३० हजार मेट्रिक टन रासायनिक मल भित्रिने गरेको छ । ग्लोबल बोलपत्रमार्फत नेपालका लागि ३० हजार मेट्रिक टन रासायनिक मल भारतको कोलकाता बन्दरगाहमा आइपुगेको छ ।

सोमध्ये एक हजार २५० मेट्रिक टन मल आज नेपालतर्फ ढुवानी सुरु भएको कृषि, वन तथा पर्यावरण मन्त्रालयले जनाएको छ । आज ढुवानी सुरु भएको मल करिब चार दिनभित्र नेपाल आइपुग्ने अनुमान गरिएको छ ।

बाँकी रहेको मल हाल कोलकाता बन्दरगाहमा प्याकेजिङ (ब्यागिङ)को काम भइरहेको मन्त्रालयले जनाएको छ । प्याकेजिङ सम्पन्न भएसँगै क्रमशः बाँकी खेप पनि छिटो नेपाल भित्रिने छ ।

## सरकार र मिटरब्याज पीडितबीच नौ बुँदे सहमति

काठमाडौँ । सरकार र मिटरब्याज पीडितबीच नौ बुँदे सहमति भएको छ । सरकारी वार्ता टोलीका तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव पुष्कर सापकोटा र पीडित पक्षका तर्फबाट अवधेश कुशवाहाबीच फर्जी लिखतहरू खारेज गर्दै मिटरब्याज उन्मूलनको घोषणा गर्ने सहमति भएको हो ।

सहमतिपत्रमा सरकारी वार्ता टोलीका तर्फबाट सचिव सापकोटा र पीडित पक्षका तर्फबाट कुशवाहाले हस्ताक्षर गर्नुभएको हो । सहमति अनुसार लामो समयदेखि आर्थिक सामाजिक विसङ्गतिका रूपमा रहेको मिटरब्याजसम्बन्धी समस्यालाई आर्थिक अपराध तथा कुप्रथाका रूपमा लिँदै यससम्बन्धी कुप्रथाको उन्मूलन भएको घोषणा गर्न आगामी मन्त्रिपरिषद्को बैठकमा पेस गर्नका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने र सो घोषणासँगै नागरिकमाथि आपराधिक तथा दुषित मनसायका साथ बनाइएका मिटरब्याजसँग सम्बन्धित फर्जि लिखतहरू (तमसुक, दृष्टि बन्धक, रजिष्ट्रेशन, (छिनुवा) पास, बाध्यकारी चेक आदि) स्वतः अवैध हुने सहमति भएको सम्झौतापत्रमा उल्लेख छ ।

मिटरब्याज अपराध नियन्त्रण सम्बन्धी ऐन लागू गर्ने, मिटरब्याज अपराध नियन्त्रण सम्बन्धी ऐन निर्माण गर्न गृह मन्त्रालयले तीन महिनाभित्र विधेयकको मस्यौदा तयार गरी कानून निर्माणको प्रक्रिया अगाडि बढाउने पनि सहमति भएको छ ।

# उपाध्यक्ष पौडेललाई साधारण तारेखमा छाड्न आदेश

काठमाडौँ । विशेष अदालतले नेपाली कम्युनिष्ट पार्टी (एमाले) का उपाध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री विष्णु पौडेललाई साधारण तारेखमा छाड्न आदेश दिएको छ ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा विशेष अदालतका न्यायाधीश नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले उहाँलाई साधारण तारेखमा छाड्न आदेश दिएको हो । आदेशमा भनिएको छ, "विष्णु प्रसाद पौडेलको सम्बन्ध, सलंग्नता रहेको कुरा तत्काल प्राप्त प्रमाणहरुबाट खुल्न नसकेको, आरोप दाबीको कसुरमा यी प्रतिवादीले इन्कार रही बयान गरेको, यी प्रतिवादीको नाममा सहप्रतिवादी दीपक भट्टको वित्तीय कारोबारसमेत सम्पत्ति वा लाभ प्राप्त भएको भन्ने खुल्न नसकेको अवस्था हुँदा उल्लिखित तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादीको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को (ग) को अवस्था विद्यमान रहेको देखियो ।" अदालतले उपाध्यक्ष पौडेलको आरोपमाथि उनले इन्कारी बयान दिएको, संलग्नता तत्काल प्राप्त प्रमाणबाट नखुलेको, दीपक भट्टसँग वित्तीय कारोबार गरेको अनि सम्पत्ति वा लाभ प्राप्त गरेको नदेखिएको जनाएको छ ।

उपाध्यक्ष पौडेललाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गत असार ८ गते सुर्खेतबाट नियन्त्रणमा लिएको थियो ।

# शिक्षामन्त्री पोखरेलद्वारा विद्यालय अनुगमन

चितवन । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले पूर्वी चितवनको राप्ती नगरपालिका-१२, याउरालीटारस्थित श्रीगणेश माध्यमिक विद्यालयको अनुगमन गर्नुभएको छ ।

चेपाङ समुदायका बालबालिका अध्ययनरत उक्त आवासिय विद्यालयको शैक्षिक अवस्था, भौतिक पूर्वाधार तथा शिक्षण-सिकाइको अवस्थाबारे उहाँले जानकारी लिनुभएको हो ।

मन्त्री पोखरेलले शिक्षक, कर्मचारी तथा विद्यार्थीका अभिभावकसँगको छलफलका क्रममा विद्यालयको शैक्षिक गुणस्तर, विद्यार्थीको विद्यालय पहुँच, चेपाङ समुदायका बालबालिकाले भोगिरहेका शैक्षिक चुनौती तथा विद्यालयका आवश्यकताबारे जानकारी लिनुभएको थियो ।

उक्त छलफलमा शिक्षक, कर्मचारी र अभिभावकले विद्यालयको पूर्वाधार विकास, शैक्षिक स्रोत-साधनको व्यवस्थापन तथा स्थानीयस्तरमा देखिएका समस्याका बारेमा आफ्ना सुझाव राखेका थिए ।

अनुगमनपछि मन्त्री पोखरेलले दुर्गम तथा सीमान्तकृत समुदायका बालबालिकालाई गुणस्तरीय शिक्षा उपलब्ध गराउनु सरकारको प्राथमिकतामा रहेको बताउनुभयो । यस्ता विद्यालयले भोगिरहेका समस्या समाधान गर्न मन्त्रालय आवश्यक पहल गर्न प्रतिबद्ध रहेको उहाँले उल्लेख गर्नुभयो ।

अनुगमनमा प्रतिनिधिसभा अन्तरगतको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति हरि ढकाल र शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सदस्य प्रभा ढकाल तथा शिक्षा तथा खेलकुद मन्त्रालयका सल्लाहकार शैलेन्द्र झा र मन्त्रीका सल्लाहकार सरोज गौतमलगायत सहभागी हुनुहुन्थ्यो ।

# देशभरका छ वटा राजमार्ग अवरूद्ध

काठमाडौँ । निरन्तरको वर्षासँगै आएको बाढीपहिरोका कारण देशभरका छ वटा राजमार्ग अवरूद्ध भएका छन् । नेपाल प्रहरीले उपलब्ध गराएको साँझसम्मको तथ्याङ्कअनुसार बाढीपहिरो, डुबानलगायत कारणले छ वटा राजमार्ग अवरूद्ध भएका हुन् ।

बिपी राजमार्गअन्तर्गत खुर्कोट-नेपालथोक-कटुन्जेबेँसीमा सञ्चालन हुने सम्पूर्ण सवारीसाधन आवागमनमा पूर्ण रूपमा रोक लगाइएको नेपाल प्रहरीले जनाएको छ । बिपी राजमार्ग खण्डमा आइपर्ने सम्भावित बाढीलाई मध्यनजर गर्दै गत जेठ २२ गतेदेखि बेलुका ६:०० बजेदेखि बिहान ४:०० बजेसम्म सञ्चालन हुने सम्पूर्ण सवारीसाधन आवतजावतमा रोक लगाइएको हो । उक्त सडकमा बिहान ४:०० बजेदेखि बेलुका ६:०० बजेसम्म मात्र सवारीसाधन सञ्चालन हुने गर्दछन् ।

वर्षाका कारण हुनसक्ने बाढीपहिरोको सम्भावित जोखिम न्यूनीकरण गर्ने उद्देश्यले मकवानपुरस्थित कान्ति लोकपथअन्तर्गत सञ्चालन हुने सवारीसाधन रातिको समयमा रोक लगाइएको छ । नेपाल प्रहरीका अनुसार बेलुका ५:०० बजेदेखि बिहान ५:०० बजेसम्म सञ्चालन हुने सम्पूर्ण सवारीसाधन आवतजावतमा रोक लगाइएको हो । केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले इलाम जिल्लामा पर्ने मेची राजमार्ग पूर्ण रूपमा अवरुद्ध भएको जानकारी दिनुभयो । "वर्षाका कारण गत असार २३ देखि इलामको इलाम नगरपालिका-९, राजदुवालीस्थित मेची राजमार्गमा बाटो हिलो भई सवारीसाधन आवतजावत गर्न नसक्ने भएकाले उक्त सडक पूर्ण रूपमा अवरुद्ध भएको छ", उहाँले भन्नुभयो । केन्द्रीय प्रहरी प्रवक्ता काफ्लेले ढुङ्गासहितको पहरोका कारण अर्घाखाँची जिल्लाको सालझन्डी-ढोरपाटन सडक पूर्ण रूपमा अवरुद्ध भएको जानकारी दिनुभयो । गत असार २८ देखि अर्घाखाँचीको पाणिनी गाउँपालिका-२, ढुङ्गेखोलास्थित सालझन्डी-ढोरपाटन सडकमाथिबाट ढुङ्गा खसेर बाटो पूर्ण रूपमा अवरुद्ध भएको उहाँको भनाइ छ । सिन्धुपाल्चोकको अरनिको राजमार्ग पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध छ । गत असार ३१ गते भोटेकोशी गाउँपालिका-४, जिरोकिलाअन्तर्गत अरनिको राजमार्गमा सडक माथिबाट पहिरो खसेर बाटो पूर्ण रूपमा अवरुद्ध भएको नेपाल प्रहरीले जनाएको छ ।

त्यस्तै, सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका-२ कोदारीस्थित अरनिको राजमार्गअन्तर्गत इकुमा पहिरो जाँदा आवागमन बन्द भएको छ । उक्त खण्डमा सडकमाथिबाट ढुङ्गा माटोसहित लेदो खसेर आवागमन पूर्ण रूपमा अवरुद्ध भएको छ ।

बागलुङ कालीगण्डकी करिडोर पूर्ण रूपमा अवरुद्ध भएको छ । बागलुङ, जैमिनी नगरपालिका-८, बेलबगर कालीगण्डकी करिडोर सडकमाथिबाट ढुङ्गा र माटोसहितको पहिरो खसेर बाटो पूर्ण रूपमा अवरुद्ध भएको नेपाल प्रहरीले जनाएको छ ।

# मुद्दा फछ्र्योटः लमजुङ जिल्ला अदालतमा सबैभन्दा बढी, कास्कीमा कम

नारायणगढ । पोखरा उच्च अदालत मातहतमध्ये लमजुङ जिल्ला अदालतले गत आवमा सबैभन्दा बढी ८१ दशमलव ८६ प्रतिशत मुद्दा फछ्र्योट गरेको छ । कास्की जिल्ला अदालतबाट सबैभन्दा कम ५० दशमलव ६२ प्रतिशत मुद्दा फछ्र्योट भएको जनाइएको छ ।

पोखरा उच्च अदालतका अनुसार गोरखा जिल्ला अदालतले ८० दशमलव शून्य नौ प्रतिशत, मनाङले ८० प्रतिशत, तनहुँले ७३ दशमलव १३ प्रतिशत, नवलपुरले ६५ दशमलव ८५ प्रतिशत र स्याङ्जा जिल्ला अदालतले ६५ दशमलव ६२ प्रतिशत मुद्दा फछ्र्योट गरेका छन् । लमजुङ अदालतमा रहेका एक हजार नौमध्ये आठ सय २६ मुद्दा फछ्र्योट गरिएको हो । त्यस्तै कास्की अदालतमा रहेका छ हजार २२८ मध्ये तीन १५३, तनहुँमा रहेका दुई हजार ४५६ मध्ये एक हजार ७९६, नवलपुरमा रहेका दुई हजार ५९ मध्ये एक हजार ३५६, स्याङ्जामा रहेका एक हजार २२० मध्ये ८४०, गोरखा अदालतमा रहेका एक हजार ९० मुद्दामध्ये ८२६ र मनाङ अदालतमा रहेका १५ मध्ये १२ मुद्दा पछ्र्योट गरिएको हो ।

पोखरा उच्च अदालतबाट गत आवमा ७५ दशमलव ८८ प्रतिशत मुद्दा फछ्र्योट भएको अदालतका रजिष्ट्रार रामु शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार उच्च अदालतले आव २०८१/८२ मा लक्ष्यको ७८ दशमलव शून्य सात प्रतिशत मुद्दा फछ्र्योट गरेकामा गत आवमा भने फछ्र्योट दर केही घटेको हो ।

अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका सात सय ५० र नयाँ दर्ता भएका एक हजार ३१९ गरी अदालतमा जम्मा दुई हजार ६९ मुद्दा थिए । तीमध्ये एक हजार ५७० फछ्र्योट भएका र ४९९ मुद्दा बाँकी रहेको रजिष्ट्रार शर्माले बताउनुभयो । अठार महिनादेखि माथिका कुनै पनि मुद्दा बाँकी नरहेका उहाँको भनाइ छ । एक वर्षदेखि १८ महिनाभित्रका आठ, छ महिनादेखि एक वर्षभित्रका १७७ र छ महिनाभित्रका ११४ मुद्दा बाँकी रहेका रजिष्ट्रार शर्माले उल्लेख गर्नुभयो । गत भदौमा 'जेनजी' आन्दोलनका क्रममा भएको आगजनी र तोडफोडका कारण नष्ट भएका २५७ मिसिलमध्ये २५० मिसिल पुनः प्राप्त गरी प्रमाणीकरण गरिएको उहाँले जानकारी दिनुभयो । सर्वोच्च अदालतको पञ्चवर्षीय रणनीतिक योजनाअन्तर्गत अदालतले मुद्दाको फछ्र्योटमा तीव्रता दिँदै आएको उच्च अदालतका मुख्य न्यायाधीश डा रत्नबहादुर बागचन्दले बताउनुभयो ।

सञ्चारकर्मीसँगको अन्तरक्रियामा उहाँले 'जेनजी' आन्दोलनका क्रममा अदालतमा भएको भौतिक क्षतिका बावजुत पनि न्याय सम्पादनको कामलाई निरन्तरता दिइएको बताउनुभयो । सीमित स्रोतसाधनका बावजुत न्याय सम्पादनलाई प्रभावकारी बनाउँदै न्यायमा सबैको पहुँच अभिवृद्धिका लागि अदालत सक्रिय रहेको उहाँको भनाइ छ ।

# राष्ट्र बैंकमा राजनीतिक अभिष्ट साँध्नुहुँदैनः अर्थमन्त्री डा वाग्ले

काठमाडौँ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले राष्ट्र बैंकमा राजनीतिक अभिष्ट साँधेर गभर्नरलाई पनि निजामति कर्मचारीजस्तै एउटा कार्यालयबाट अर्को कार्यालयमा सरुवा गर्ने र निकाल्ने जस्तो कार्य गर्न नहुने बताउनुभएको छ ।

प्रतिनिधिसभाको अर्थसमितिले सिंहदरबारमा आयोजना गरेको नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयकमाथि प्रारम्भिक छलफल कार्यक्रममा बोल्दै अर्थमन्त्री डा वाग्लेले राष्ट्र बैंकको गभर्नरलाई राजनीतिक हस्तक्षेप गरेको खण्डमा घातक परिणाम आउने बताउनुभयो । "नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा यसले धेरै राम्रा पक्षहरु समेटेको थियो । त्यो ऐनले गभर्नरको नियुक्तिलाई पनि स्थायी स्वरुपको बनाएको छ," उहाँले भन्नुभयो, "राजनीतिक अभिष्ट साँधेर गभर्नरलाई पनि निजामती कर्मचारी जस्तै कहिले एउटा कार्यालय, कहिले अर्को कार्यालयमा सरुवा वा निकाल्ने काम गर्नुहुँदैन । राष्ट्र बैंक भनेको एउटा स्वायत्त र स्वतन्त्र निकाय जस्तै हो । राजनीति गरियो भने त्यहाँ घातक हुने देखिन्छ ।"अर्थमन्त्री डा वाग्लेलेले राष्ट्र बैंक ऐनलाई पनि समयसापेक्ष गराउन जरुरी भएर विधेयकलाई व्यवस्थित गर्न खोजेको बताउनुभयो ।

"राष्ट्र बैंकका संरचना र बोर्डलाई पनि समयानुकुल बनाउन खोजेका छौँ," उहाँले भन्नुभयो, "गभर्नर र सञ्चालकहरुको नियुक्ति तथा कार्य र कर्तव्यलाई पनि व्यवस्थित गराउन खोजेका छौँ ।" अर्थमन्त्री डा वाग्लेले असल नियतले गरिएको कामलाई कारवाही नगरिने खालको विषय वस्तुलाई पनि विधेयकमा समेटिएको बताउनुभयो ।

# जघन्य प्रकृतिका अपराधसम्बन्धी अनुसन्धानमा सिआइबीको भूमिका प्रसंशनीय

काठमाडौँ । नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले जघन्य प्रकृतिका अपराध, सङ्गठित, आर्थिक एवं जटिल अपराधको अनुसन्धानमा केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताउनुभएको छ ।

ब्यूरोको १६औँ वार्षिकोत्सवका अवसरमा यहाँ आयोजित कार्यक्रममा उहाँले आगामी दिनमा नेपाल प्रहरीले निष्पक्ष, विश्वसनीय र उत्कृष्ट अनुसन्धान संस्थाका रूपमा नागरिकको पूर्ण विश्वास हासिल गर्दै राष्ट्रको न्याय प्रणालालाई थप सुदृढ बनाउने विश्वास व्यक्त गर्नुभयो । महानिरीक्षक कार्कीले 'अनुसन्धान अनि मात्र पक्राउ' भन्ने अनुसन्धानको न्यूनतम मापदण्डलाई आत्मसात् गर्दै तटस्थ एवं उच्च व्यावसायिकता प्रदर्शन गरी ब्यूरोले नागरिकको विश्वास जित्नुपर्ने उल्लेख गर्नुभयो ।

उहाँले अत्याधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखी ब्यूरोको क्षमता अभिवृद्धि एवं अन्तर निकाय र अन्तरराष्ट्रिय सहकार्यलाई सुदृढ गर्दै उत्कृष्ट अनुसन्धान निकायको रूपमा स्थापना गर्न सङ्गठन सदैव क्रियाशील रहेको बताउनुभयो । सो अवसरमा महानिरीक्षक कार्कीले ब्यूरोका पूर्वप्रमुखलाई सम्मान तथा पूर्वकर्मचारीलाई कदरपत्र प्रदान गर्नुभएको थियो । कार्यक्रममा ब्यूरोद्वारा प्रकाशित 'सिआइबी म्यागेजिन' लोकार्पण गरिएको थियो ।

कार्यक्रममा अवकाश प्राप्त प्रहरी महानिरीक्षक, प्रहरी अतिरिक्त महानिरीक्षक, अवकाश प्राप्त प्रहरी अतिरिक्त महानिरीक्षक, विभिन्न मन्त्रालयका सहसचिव, सहन्यायाधिवक्ता, प्रहरी नायब महानिरीक्षक, अवकाश प्राप्त प्रहरी नायब महानिरीक्षक, वरिष्ठ प्रहरी अधिकृत, आमन्त्रित अतिथिलगायत प्रहरी अधिकृत तथा जवानहरूको उपस्थिति थियो ।

# साउन लागेसँगै हरियो चुरापोतेको व्यापार बढ्यो

काठमाडौँ । साउन महिना सुरु भएसँगै सङ्घीय राजधानी काठमाडौँमा हरियो चुरापोते तथा मेहन्दीको व्यापार बढेको छ । सहरी क्षेत्रमा बस्ने महिलाले पछिल्लो समय साउन लागेपछि हातमा मेहन्दी लगाउने, हरियो चुरा र पहेँलो पोते लगाउनेक्रम बढेसँगै बजारमा चुरापोते र मेहन्दीको व्यापार बढेको हो । हिन्दूहरुले साउन महिनालाई भगवान् शिवको महिनाका रुपमा लिने गरेका छन् । हिन्दू महिला तथा पुरुषले साउन महिनाभर भगवान् शिवको पूजा आराधना गर्ने गर्छन् । साउनमा महिलाले हातमा मेहेन्दीसँगै हरियो चुरा र तथा पहेँलो पोते लगाउने गर्छन् । यस्तै, पुरुषहरुले पहेँलो वस्त्र लगाउने गर्छन् । काठमाडौँको इन्द्रचोकमा चुरापोतेको व्यापार गर्दै आउनुभएका अहमद मुसलमान पछिल्लो समय आफ्नो पसलमा चुरापोतेको व्यापार बढेको बताउनुहुन्छ । "अरु समयमा दैनिक आठ/दश हजारको व्यापार हुन्थ्यो, पछिल्लो दुई चार दिनमा दैनिक २० देखि २५ हजारको व्यापार हुने गरेको छ", उहाँ भन्नुहुन्छ । हरियो चुरा र पोते खरिदका लागि गोङ्गबुबाट इन्द्रचोक आउनुभएकी सरस्वती दवाडी साउन महिनामा हरियो चुरा र पोते लगाउँदा सांस्कृतिक परम्पराको संरक्षण हुने बताउनुहुन्छ । चुरापोते लगाउने संस्कृति भारतबाट आयतित संस्कृति भएको आचार्य पन्थी बताउनुहुन्छ । भारतमा बढीमात्रामा हरियो चुरा र पहेँलो पोते लगाउने गरेको उहाँको भनाइ छ ।

# अध्यक्ष ओलीबाट एमाले प्रचार विभागको वेबसाईट र एप सार्वजनिक

काठमाडौँ । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीको केन्द्रीय प्रचार विभागको नयाँ वेबसाइट र एप पार्टी कार्यालय च्यासलमा सार्वजनिक गर्नुभएको छ ।

सो अवसरमा अध्यक्ष ओलीले वर्तमान समाजमा सत्यलाई तोडमरोड गर्ने प्रवृत्ती हाबी हुँदै गएकामा चिन्ता व्यक्त गर्नुभयो । कालोलाई सेतो र सुल्टोलाई उल्टो बनाएर भ्रम फैलाउने प्रवृत्ति तात्कालिक राजनीतिसँग मात्र नभएर सामाजिक संस्कृति र सभ्यताको रक्षासँग जोडिएको रणनीतिक विषय भएको उहाँले बताउनुभयो । सूचना प्रविधिको ( आइटी) प्रतिस्पर्धामा पार्टी केही पछि परेको स्वीकार गर्दै अध्यक्ष ओलीले अब आफ्ना कमजोरीहरूलाई सुधारेर अगाडि बढ्ने बताउनुभयो । कार्यक्रममा पार्टीका महासचिव शङ्कर पोखरेलले युवा पुस्तालाई सूचना प्रविधिको प्रयोगबाट पार्टीको सही वैचारिक धारसँग जोड्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । वेबसाइटको सार्वजनिकीकरणको आयोजना केन्द्रीय प्रचार तथा प्रकाशन विभागले गरेको थियो ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com